श्री ५ को सरकार

## कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले यस मन्त्रालयअन्तर्गतका देहायको बिभाग र कार्यालयहरूको नाम देहायबमोजिम परिवर्तन गरेको छ ।

| क. सं. | साबिकको नाम | हालको परिवर्तित नाम |
|---|---|---|
| १. | पशु विकास तथा पशु स्वास्थ्य विभाग | पशु सेवा विभाग |
| २. | क्षेत्रीय पशु विकास तथा पशु स्वास्थ्य निर्देशनालय | क्षेत्रीय पशु सेवा निर्देशनालय |
| ३. | पशु विकास तथा पशु स्वास्थ्य शाखा | जिल्ला पशु सेवा कार्यालय |
| ४. | पशु विकास तथा पशु स्वास्थ्य सेवा केन्द्र | पशु सेवा केन्द्र |

आज्ञाले,
अक्रूरनरसिंह राणा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०४५।४।३१ को निर्णयानुसार गृह मन्त्रालयका शाखा अधिकृत श्री महमद खालिद सवनमलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २० को उपदफा (२) को अधीनमा निजामती सेवा नियमावली, २०२१ को नियम १०.६(७) को अभियोगमा सोही नियमको १०.१(५) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाएको छ ।

## सूचना २

श्री ५ को सरकारले मिति २०४५।४।३१ को निर्णयानुसार परराष्ट्र मन्त्रालयका शाखा अधिकृत श्री खुसनारायण श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २० को उपदफा (२) को अधीनमा निजामती सेवा नियमावली, २०२१ को नियम १०.६(७) को अभियोगमा सोही नियमावलीको नियम १०.१ (६) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरेको छ ।



२८१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।